आज मिति २०७५/०८/११ गतेका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं. ७ |
| श्री जसविर बली | वडा अध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर ~~खड्का~~ | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री वालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. शिक्षातर्फका कार्यक्रमका लागि विद्यालय/शैक्षिक संस्था छनौट गर्ने सम्वन्धमा ।

२. खेलकुद मैदान निर्माण कार्यक्रमको लागि स्थान छनौट तथा निर्धारण गर्ने सम्वन्धमा ।

३. प्रतिक्षालय निर्माणका लागि स्थान निर्धारण सम्वन्धमा ।

४. सार्वजनिक शौचालय निर्माणका लागि स्थान निर्धारण गर्ने सम्वन्धमा ।

५. शिवालय गाउँपालिकाको भवन निर्माण सम्वन्धमा ।

६. कृषि पकेट क्षेत्र निर्धारण सम्वन्धमा ।

७. औषधी उपचार सहायता सम्वन्धमा ।

८. म्याचिङ्ग फण्ड उपलव्ध गराउने सम्वन्धमा ।

९. युवा क्लवहरुलाई सहयोग सम्वन्धमा ।

१०. कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

११. राजस्व छुटको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने सम्वन्धमा ।

१२. ऐलानी जग्गा प्राप्ति सम्वन्धमा ।

१३. शिवालय जलसोत समिति गठन सम्वन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत शिक्षातर्फका तपशिलका कार्यक्रमहरुलाई देहायबमोजिम शिक्षण संस्थामा बाँडफाँड गर्ने निर्णय गरियो ।

**१. विद्यालय शिक्षा अनुदान कार्यक्रम**

| क.सं. | छनौट गरिएका बिद्यालयहरुको नाम | अनुदान संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १. | इन्द्रज्योति मा.वि. थालारैकर | १ | माध्यमिक(११-१२) | शिक्षण अनुदान |
| २. | ने.रा.मा.वि. स्यापि | १ | माध्यमिक(९-१०) | शिक्षण अनुदान |
| ३. | सरस्वती मा.वि टाटागुहेला | १ | माध्यमिक(९-१०) | शिक्षण अनुदान |
| ४. | ने रा आ.वि.लिस्पानी | १ | आधारभुत(६-८) | शिक्षण अनुदान |
| ५. | सरस्वती आ.वि नेपा | १ | आधारभुत(६-८) | शिक्षण अनुदान |
| ६. | ज्ञानकुन्ज प्रा.वि. नाहाडा | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| ७. | सुर्यज्योति प्रा.वि.काफलगैरी | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |

शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८. | चन्द्रसुर्य प्रावि नेपा | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| ९. | हिमालय प्रा.वि.काउला | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| १०. | जनकल्याण प्रा.वि. सल्लेरी | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| ११. | मलिका प्रा.वि.सुगरखाल | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| १२. | शान्ति प्रा.वि.मालुवेला | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| १३. | लक्ष्मि प्रा.वि बस्नेउरा | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |
| १४. | चन्द्र दिपक मा.वि. नाहाडा | १ | आधारभुत(१-५) | शिक्षण अनुदान |

२. कम्प्युटर कक्षा सञ्चालन अनुदानतर्फ

| | | | | |
|---|---|---|---|---|
| १. | इन्द्रज्योति मा.वि.थालारैकर | १ | माध्यमिक(१-१२) | कम्प्युटर शिक्षण अनुदान |
| २. | विरेन्द्र मा.वि.जुगाँथापाचौर | १ | माध्यमिक(६-१२) | कम्प्युटर शिक्षण अनुदान |
| ३. | सरस्वती मा.वि.सिमा | १ | माध्यमिक(६-१२) | कम्प्युटर शिक्षण अनुदान |

२. वालविकास अनुदानतर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | ने.रा.मा.वि.सिस्ने | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| २ | सरस्वती आ.वि. नेपा | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ३ | खडगदेवी मा.वि लोतपाखा | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ४ | कालिका प्रा.वि नर्ने | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ५ | सरस्वती प्रा.वि बुर्दा | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ६ | कालिका प्रा.वि.नान्ने | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ७ | सुर्योदय प्रा.वि.तुषारे | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ८ | चन्द्रदिपक मा.वि. नाहाडा | १ | पूर्वप्राथमिक | विद्यालयमा आधारित |
| ९ | शिवालय १ मोर्क | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| १० | शिवालय ३ घोडाछाल | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| ११ | शिवालय ६ चित्रे | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| १२ | शिवालय ६ ठाकुरजाँत | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| १३ | शिवालय ७ जुगाँटाकुरा | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| १४ | शिवालय ८ लयटा | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |
| १५ | शिवालय ९ खारागाउँ | १ | पूर्वप्राथमिक | समुदायमा आधारित |

४. विद्यालय मर्मत

१. इन्द्रज्योती प्राथमिक विद्यालय लयकाँडा-२

२. हिमालय प्राथमिक विद्यालय शिवालय ५, काउला

३. नव प्रतिभा प्राथमिक विद्यालय, शिवालय ९ बालुवा

४. नवज्योति प्राथमिक विद्यालय शिवालय ३, राख्मा

५. जनकल्याण प्राथमिक विद्यालय शिवालय ५ सल्लेरी

६. सरस्वती प्राथमिक विद्यालय शिवालय ७, बुर्दा

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**५. विद्यालय शौचालय निर्माण (रु. ६ लाख)  प्रति विद्यालय ३ लाख**

१.इन्द्रज्योती मा.वि. थालारैकर

२. कालिका प्रावि. डुङ्गा

**६. फर्निचर निर्माण (रु. ६ लाख)**

१. चमाला देवी प्रा.वि ताङ्गा

२.सरस्वती आ.वि. नेपा

३. इन्द्रज्योती मा.वि थालारैकर

४. खड्ग देवी मा.वि लोतपाखा

५. कालिका प्रा.वि नर्ने

६. बाल ज्योती प्रा.वि मान्टुरा

**७. फिल्ड निर्माण (रु. ६ लाख) प्रति विद्यालय २ लाख**

१. नेरा आ.वि लिस्पानी

२. नेरा आ.वि सिस्ने

३. विरेन्द्र मा.वि जुंगाथापाचौर

**८. खानेपानी निर्माण तथा मर्मत (रु. ३ लाख) प्रति विद्यालय १ लाख**

१. इन्द्रधनुष प्राथमिक विद्यालय सीमा

२. लक्ष्मी प्राथमिक विद्यालय बस्नेउरा

३. शान्तीप्राथमिक विद्यालय प्रा.वि. मालुवेला

**९. विद्यालय ई-हाजिर तथा सोलार जडान (रु. ५ लाख )**

१. चन्द्रज्योती आधारभूत विद्यालय भिउस

२. नेरा आधारभूत विद्यालय सिस्ने

३. सरस्वती आधारभूत विद्यालय नेपा

४. सरस्वती आधारभूत विद्यालय जाँत

५. नेपाल राष्ट्रिय आधारभूत विद्यालय लिस्पानी

६. हिमालय आधारभूत विद्यालय डुङ्गा

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व. २०७५/७६ को वार्षिक विकास कार्यक्रमअन्तर्गत रहेको गाउँपालिका स्तरीय खेलकुद मैदान स्तरोन्नती कार्यक्रमको लागि शिवालय गाउँपालिकाको केन्द्रमा रहेको सभाहलसँगैको खेलकुद मैदानलाई स्तरोन्नतीगर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको प्रतिक्षालय निर्माण शिर्षकमा विनियोजन गरिएको रु. ५ लाख रकममध्ये शिवालय ३, ऐरेलीमा एउटा प्रतिक्षालय बनिसकेको र बाँकी रकमबाट तपशिलमा उल्लेखित स्थानमा देहायबमोजिम रकम विनियोजन गरि प्रतिक्षालय निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | प्रतिक्षालय निर्माण गरिने स्थान | छुट्याइएको रकम |
|---|---|---|
| १. | छेडाचौर बजार, शिवालय १ | रु. १ लाख |
| २. | गाउँपालिका सभाहलको प्रांगण, शिवालय ३ | रु. २ लाख |
| ३. | गाउँपालिको केन्द्र ऐरेली, शिवालय ३ | रु. १ लाख |

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको सार्वजनिक शौचालय निर्माण शिर्षकमा विनियोजन गरिएको रु. ५ लाख रकम तपशिलमा उल्लेखित स्थानमा देहायबमोजिम रकम विनियोजन गरि सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | सार्वजनिक शौचालय निर्माण गरिने स्थान | छुट्याइएको रकम |
|---|---|---|
| १. | बालुवा बजार, शिवालय ९ | रु. २ लाख |
| २. | गाउँपालिका कार्यालय प्रांगण, शिवालय ३ | रु. ३ लाख |
| ३. | गाउँपालिको केन्द्र ऐरेली, शिवालय ३ | रु. १ लाख |

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको गाउँपालिका भवन निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो । सो को लागि रु. ३० लाख विनियोजन गरिएकोमा उक्त भवनको सर्भे, डिजाइन, लागत अनुमान तयारगरी बाँकी रहेको रकमबाट टेन्डर प्रक्रियाको माध्यमबाट गाउँपालिका भवन निर्माण गर्ने निर्णय गरियो ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको खाद्यान्न बालि, तरकारी बालि तथा फलफुल खेती पकेट क्षेत्र निर्धारण गर्ने सम्बन्धमा देहायका स्थानहरुलाई देहायबमोजिम पकेट क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | पकेट क्षेत्र | निर्धारण गरिएको स्थान |
|---|---|---|
| १. | तरकारी बालि पकेट क्षेत्र | शिवालय २, नेपा |
| २. | सुन्तला पकेट क्षेत्र | शिवालय ६, रिसिना |
| ३. | अलैची पकेट क्षेत्र | शिवालय २, काप्रा र लयकाँडा र शिवालय ६, रिसिना |
| ४. | ओखर पकेट क्षेत्र | शिवालय ६, सुगुरखाल र शिवालय ३, घोडाछाल |
| ५. | टिमुर पकेट क्षेत्र | लयाकाँडा, काप्रा, छोडाछाल, काउला, तिमिलेपाखा, सुगरखाल, बुर्दा, थानबाडा, लिस्पानी, बडालपाटा |

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस शिवालय गाउँपालिका वडा नं. ५ का वडा सदस्य श्री प्रेम भाटको यही मिति २०७५ मंसिर ५ गतेका दिन औषधी उपचारको क्रममा मृत्यु भएकोमा निजका परिवारलाई राहतस्वरुप रु. ५० हजार उपलब्ध गराउने निर्णय गरियो । यसका साथै मृतकको शव काठमाडौबाट शिवालयसम्म पुर्‍याउन लागेको खर्च रु. २५ हजार तथा किरिया खर्चबापत रु. २५ हजार समेत उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाउँपालिका अन्तर्गत कार्यक्षेत्र रहेको नेपाल राष्ट्रिय दलित कल्याण संघले प्रस्ताव गरेको विभिन्न उद्यमशिलतासम्वन्धी तालिम कार्यक्रमको लागि शिवालय गाउँपालिकाकोतर्फबाट रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको खेलकुद सामग्री खरिद तथा वितरण कार्यक्रममा विनियोजन गरिएको रकममध्ये रु. ८० हजार शान्ति चौतारा युवा क्लब, लयाकाडालाई र रु. २० हजार प्रगतिशिलयुवाक्लब, बडाखेतलाई उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा रहेको एम्बुलेन्स सेवा सन्चालन कार्यक्रमकालागि एम्बुलेन्स खरिद गर्दा भन्सार महसुल, मुल्य अभिबृद्धि कर लगायत प्रचलित कानुनबमोजिम छुट दिन मिल्ने सबै किसिमको राजस्व छुटको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत संघीय सरकार (नेपाल सरकार) समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको कार्यालयबाट प्रकाशित विज्ञापनद्वारा सब इन्जिनियर पदमा सिफारिस हुनुभएका श्री श्याम बहादुर शाहीलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम तथा शिवालय गाउँपालिकाको सहकार्यमा सञ्चालन हुने तोकिएका ४ (चार) वटा कार्यक्रम हेर्ने गरी नियुक्ति गर्न नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमलाई सिफारिस गर्ने निर्णय गरियो । साथै यस गाउँ कार्यपालिकाको कार्यालयमा असिष्टेन्ट सब इन्जिनियर पदमा कार्यरत श्री कर्ण बहादुर शाहीलाई सब इन्जिनियरको पदमा बढुवा गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको केन्द्र ऐरेली क्षेत्रमा दर्तावाला स्थायी जग्गाको अत्यन्त अभाव भई सार्वजनिक निर्माणमा बाधा परिरहेको तर आवादी भइरहेको ऐलानी जग्गा प्रशस्त रहेकोले उक्त ऐलानी बाँझो जग्गाको प्रयोग गरी सार्वजनिक निर्माणहरु जस्तै गाउँपालिका भवन, कभर्ड हल, प्रतिक्षालय, खेल मैदान आदी बनाउन अनुमति दिई ऐलानी जग्गा प्रदान गरिदिनका लागि संघीय सरकार (नेपाल सरकार) समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रस्ताव नं. १३ मा छलफल गर्दा तपशिल बमोजिमको शिवालय गाउँपालिका जलस्रोत समिति गठन गर्ने निर्णय गरियो ।

१. शिवालय गाउँपालिकाका अध्यक्ष -अध्यक्ष/संयोजक
२. वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक -सदस्य
३. प्रतिनिधि,इलाका वन कार्यालय -सदस्य
४. प्रतिनिधि, पुर्वाधार विकास शाखा -सदस्य
५. प्रतिनिधि, कृषि शाखा -सदस्य
६. प्रतिनिधि, इलाका प्रहरी कार्यालय -सदस्य
७. प्रतिनिधि, सामाजिक विकास शाखा -सदस्य
८. प्रतिनिधि, शिवालय खानेपानी उपभोक्ता महासंघ -सदस्य
९. प्रतिनिधि, शिवालय उद्योग वाणिज्य संघ -सदस्य
१०. प्रतिनिधि, विद्युत कार्यालय -सदस्य
११. प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

मिति २०७५/०८/११ गते मंगलवारका दिन शिवालय गाउँकार्यपालिकाको बिसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत